गण्डकी,प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय, कास्की

## सूचना ! सूचना !! सूचना !!!

(सामाजिक विकास कार्यालय, कास्की द्वारा महिला विकास कार्यक्रमबाट प्रवर्द्धन भएका महिला सहकारी संस्थाहरुलाई संस्थागत सुधारका सामग्रीहरु उपलब्ध गराउने कार्यक्रम अन्तर्गत कार्यालयको वेभसाइट तथा सूचना पार्टीमा मिति २०८०/०९ /२५ मा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा पर्याप्त आवेदनहरु प्राप्त नभएकोले उल्लेखित समयावधिमा पेश हुन आएका प्रस्तावहरु कायमै राखी यो सूचना पुन: प्रकाशन गरिएको छ )

### ( पत्रिकामा प्रकाशित मिति २०८०/१२/०५)

यस कार्यालयको चालु आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रम बमोजिम महिला विकास कार्यक्रम द्वारा प्रवर्द्धित संस्थाहरुलाई सुदृढीकरण अनुदान कार्यक्रम संचालन गरी स्थानीय स्तरमा महिला सुरक्षाको पहरेदारको रुपमा संचालनमा रहेका महिला सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउनुका साथै संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुसार **"महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान"** स्वरुप, संस्थागत सुधारका सामाग्रीहरु (कम्प्युटर,फर्निचर तथा फर्निसिङ्ग आदि) वितरण गरिने हुँदा इच्छुक महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुले मिति २०८०/१२/११ गते सम्म निम्न कागजातहरु संलग्न गरी यस कार्यालयमा रीतपूर्वक अनुदान माग प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

**निवेदकले पेश गर्नु पर्ने कागजातहरु :-**

१. संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि,
२. आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन प्रतिलिपी,
३. आ.व.२०७९/०८० को कर चुक्ताको प्रमाण -पत्रको प्रतिलिपी,
४. सम्बन्धित स्थानीय तहको सिफारिश,
५. महिला विकास कार्यक्रमबाट प्रवर्द्धन भएको प्रमाण कागजातको प्रतिलिपी,
६. संस्थागत सुधारका सामाग्रीहरु (कम्प्युटर, प्रिन्टर , फर्निचर र फर्निसिङ्ग समेत) माग सम्बन्धी रीतपूर्वकको प्रस्ताव ।
७. सामाजिक विकास कार्यालय कास्कीको वेभसाइट www.sdokaski.gandaki.gov.np मा भएको प्रस्तावको ढाँचा डाउनलोड गरी फाराम भरेर कार्यालयको इमेल sdokaski@gmail.com मा पठाउन सकिनेछ ।
८. कार्यालयमा भौतिक रुपमा उपस्थिति भई पनि प्रस्ताव पेश गर्न सकिनेछ ।
९. संस्थामा जनशक्तिको अवस्था,
१०. लागत अनुमान रु.५,००,००० (अक्षरुपी पाँच लाख रुपैँया मात्र) भित्रको हुनुपर्नेछ ।
११. रितपूर्वकको प्रस्ताव मिति २०८०/१२/११ गते कार्यालय समय भित्र सामाजिक विकास कार्यालय,कास्कीमा आइपुग्नु पर्नेछ। अन्तिम दिन सार्वजानिक बिदा परे तत्पश्चात् कार्यालय खुल्ने पहिलो दिन कार्यालय समय सम्म मान्य हुनेछ ।

कार्यालय प्रमुख

मिति:-२०८०/... /...

श्री सामाजिक विकास कार्यालय,

पोखरा, कास्की ।

विषय:- संस्थागत सुधारको सामाग्री सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक विकास कार्यालय कास्कीले प्रकाशन गरेको महिला विकास कार्यक्रमबाट प्रबर्द्धन भएका महिला सहकारी संस्थाहरुलाई संस्थागत सुधारका सामाग्री वितरण गर्ने सम्बन्धी मिति २०८०/०९/२५ गतेको सूचनाबाट व्यहोरा अवगत भई निर्धारित आवश्यक कागजातहरु संलग्न गरी संस्थागत सुधारका सामाग्रीहरु उपलब्ध गराइ दिनुहुन अनुरोध छ ।

१. **सहकारी संस्थाको विवरण :**

   a. नाम:-

   b. दर्ता/अनुमति पाएको मिति:-

   c. ठेगाना जिल्ला..........................गा.पा/न.पा.......................वडा नं.......... टोल..............

   d. जम्मा शेयर सदस्य संख्या:-

२. संचालक समिति:

   a. अन्तिम पटक संचालक समिति चयन भएको मिति:

   b. संचालक समितिका सदस्यहरुको नामावलीको विवरण :

| क्र.स | पद | नामथर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. **आवश्यक सामाग्रीहरुको विवरण :-**

| क्र.स. | सामाग्रीको नाम | स्पेशिफिकेसन | परिमाण | दर | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदक

**नाम थर:-**

**पद:-**

**हस्ताक्षर:-**